**मिति २०८० फागुन १ गते मंगलबार (वि.सं.२०८०।११।१) तुलसीपुर उपमहानगरपालिकाको १४औं नगरसभाको दोश्रो बैठका निर्णयहरु :**

टिकाराम खड्का
नगर प्रमुख

<u>निर्णय नं. १</u>

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०८०/०८१ को विजनियोजित बजेटमा केहि कार्यक्रमहरु सम्पन्नन गर्न समस्या उत्पन्न भएकोले नगरस्तरीय बजेटको अनुसूचि १ र वडास्तरीय बजेटलाई अनुसूचि २ मा समावेश गरी रकमान्तर तथा शिर्षकान्तर गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

तुलसीपुर उपमहानगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी बिधेयक ,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

आर्थिक ऐन, २०८० को अनुसुची-२० अन्य व्यवस्थाहरु आर्थिक ऐन, २०८० दफा (१९) संग सम्वन्धित क्र.सं. ६ तपसिलका केहि संशोधनका स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

<u>तपसिल :</u>

१) आर्थिक ऐन, २०८० को अनुसुची-२० अन्य व्यवस्थाहरु (आ.व.२०८०/०८१) तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०८० दफा (१९) संग सम्वन्धित क्र.सं. ६ मा स्वास्थ्यसंग सम्वन्धित व्यवसायहरु सम्वन्धित निकायमा दर्ता भएका तर यस उपमहानगरपालिकामा दर्ता नभएकाको हकमा नगरपालिकाको स्वास्थ्य महाशाखा र सम्वन्धित वडाको सिफारिस बमोजिम विगत ३ आ.व.दर्ता शुल्कमा २५ प्रतिशत विलम्व शुल्क लिई दर्ता गर्ने भन्न उल्लेख भएकोमायस बुदाँमा स्वास्थ्य सेवालाई मात्र इन्कित गरेको देखिदा, सबै व्यवसाय र सेवाहरु उल्लेख गरि थप गर्नु पर्ने । स्वास्थ्य जस्तै शिक्षा, कृषी, पशु लगाएत विषयगत शाखा/महाशाखाहरुको अनिवार्य सिफारिस हुनु पर्ने भन्ने बुदाँ थप गर्नू पर्ने ।

२) यस उप-महानगरपालिकाको विभिन्न मिति र आ.व.हरुमा कार्यपालिका तथा नगरसभाबाट व्यवसाय नविकरण तथा व्यवसाय दर्ता सम्वन्धी स्वीकृत भएका नीति र कानूनमा निम्न बुदाँहरु थप गर्नु पर्ने ।

क) पाँच आर्थिक वर्ष भन्दा पुराना व्यवसाय गरेका र हालसम्म तुलसीपुर उपमहानगरपालिकामा दर्ता नभएका व्यवसाय तथा उद्योगहरुलाई मिति २०८० चैत्र मसान्त भित्र दर्ता हुन आएमा आर्थिक ऐनमा उल्लेख भएको करको दरमा व्यवसाय शुरु गरेको आ.व. देखिनै करलिई दर्ता गर्ने । यदि पाँच वर्ष भन्दा पछाडीका( पुराना)आएमा आर्थिक ऐनमा उल्लेख भएको राजश्व रकममा प्रत्येक आ.व.को १०% ले हुन आउने जरिवाना सहित कर लिई दर्ता तथा नविकरण गर्ने ।

३) आ.व. २०८०/०८१ श्रावण १ गते देखि लागु हुने गरी व्यवसाय नविकरण तथा नयाँ दर्ता गर्दा आफनै घरमा भए लालपूर्जा, नक्सापास र नागरिकताको प्रतिलिपी वहालमा लिएको भए वहालमा लिएको



टिकाराम खड्का
नगर प्रमुख

**मिति २०८० फागुन १ गते मंगलबार (वि.सं.२०८०।११।१) तुलसीपुर उपमहानगरपालिकाको १४औं नगरसभाको दोश्रो बैठका निर्णयहरु :**

सम्झौतापत्र, घर/जग्गाधनिको नागरिकता र लालपुर्जाका प्रतिलिपी सहित बहालकरको एकिन गरी बहालकर अनिवार्य रुपमा लिएर मात्र नविकरण तथा दर्ता व्यवस्था मिलाउने ।

४) घर तथा जग्गा बहालकर सम्झौता अवधिभन्दा अगाडी नै बन्द गर्नु परेमा न्यूनतम ५ (पाँच) महिनाको बहालकर लिई बन्दगर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाका अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको म्याद २०८१ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

मालपोत कार्यालय तुलसीपुर दाङ्गको च.न..९८७ मिति २०८०।५।१२ को जग्गा रजिष्ट्रसन पारित सम्बन्धी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०८० श्रावण देखि हाल सम्मका बिषयगत समिति र अन्य उपसमितिहरुबाट पेश भएको तपसिल बमोजिमका प्रगति प्रतिवेदन उपर व्यापक छलफल गरि प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयन गर्न तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका लाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्तुत प्रतिवेदनहरु :

१. विधान समिति :भिमबहादुर योगी

२..सुशासन समिति :धर्मराज वली

३.आर्थिक विकास समिति : माधव वली

४.सामाजिक बिकास समिति : मान बहादुर रावत

५.पूर्वाधार बिकास समिति :बीर बहादुर बिक

६.बन वातावरण तथा बिपद व्यवस्थापन समिति : दुजमान भण्डारी

७.लेखा समिति : घनश्याम ढकाल

८. न्यायीक समिति : स्यानी चौधरी

९.सहकारी उपसमिति : खुसीराम चौधरी

**मिति २०८० फागुन १ गते मंगलबार (वि.सं.२०८०।११।१) तुलसीपुर उपमहानगरपालिकाको १४औं नगरसभाको दोश्रो बैठका निर्णयहरु :**

१०.खेलकुद उपसमिति : शिवानन्द डिसी

११. बजार अनुगमन उपसमिति : तुलाराम नेपाली

१२. प्राकृतिक श्रोत व्यवस्थापन तथा परिचालन उपसमिति :शंकर कुमार खडका

टिकाराम खड्का
नगर प्रमुख

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०८०/०८१ मा वडागत बार्षिक बजेट कमि भई बिकास निर्माण प्रभावित भएको भनि नगरकार्यपालिका बैठकमा ब्यापक छलफल भएकोले वडागत बिकासलाई प्रभावकारी रुपमा अघि बढाउन प्रति वडा रु ३५०००००।(पैतिस लाख मात्र) लाखका दरले पुंजिगत बजेट प्रदान गर्ने,तुलसीपुर उपमहानगरपालिकाका बिषयगत समितिका संयोजकहरुको प्रतिवेदन मार्फत पेश हुन आएका केहि आवश्यक कार्यक्रमहरुका लागि आवश्यक पर्ने बजेट,स्मार्ट छोरीको कार्यक्रमको लागि चालु आ.ब.मा आवश्यक पर्ने बजेट,नगरप्रहरीका लागि आवश्यक पर्ने बजेट,भूमि सम्बन्धी आवश्यक पर्ने बजेट गत बर्षको शुत्रमा पोष्टिङ्ग गर्न छुट भएको बजेट,प्राकृतिक श्रोत साधन(ढुङ्गा,गिट्टी,वालुवा) को रसिद काटने व्यक्तिहलाई दिईने पारिश्रमिक, र नगरका गौरवका योजनाहरुलाई नपुग बजेट र नगरका लागि आवश्यक पर्ने बिपदजन्य अवस्थामा प्रयोगमा आउने ह्युमपाईप,खानेपानी पाईप,ग्याबिन जाली सहितका केहि आवश्यक कार्यक्रमका लागि समेत २० औं नगरकार्यपालिकाको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न ८**

तुलसीपुर उपमहानगरपालिकाका नाममा दर्ता श्रेष्ता रहेको साविक ५४३ तुलसीपुर ५ ख कि.नं. तुलसीपुरको जग्गा तुलसीपुर उपमहानगरपालिकाले तुलसीपुर ५ स्थित नया बसपार्कमा पल्टीङ्ग गरी विभिन्न व्यक्ति विशेषका नाममा अस्थायी(सेतो) पुर्जा मार्फत तिरण गरिएकोमा मिति २०७९।१०।२६ गते बसेको १२औं नगरसभाको नि.नं. ५ बाट तत्तत् व्यक्तिहरुका नाममा रजिष्ट्रेशन पास गरिदिने निर्णय भए बमोजिम सोहि निर्णयमा तुलसीपुर ५ बस्ने सेवकराम भण्डारीले प्राप्त गरेको अस्थायी सेतो पुर्जा नाममा रहेको तुलसीपुर ५ ख प्लट नं. ९५ क-ग बर्गको घडेरी पास गरिदिने निर्णय भएकोमा उक्त प्लट नं. र फिल्ड बुकमा फरक पर्न गएकोले उक्त प्लटमा बाटो समेत निर्माण भएको हुदा उक्त प्लटबाट निज सेबकराम भण्डारीलाई जग्गा दिन नसक्ने भन्ने नापि कार्यालय तुलसीपुरको च.नं ९८७ मिति २०८०।५।१२ को पत्रबाट लिखित रुपमै पत्राचार भएकोले प्लट नं. ९५ क-ग बर्गको बाटो कायम रहने गरी तुलसीपुर ५ वस्ने सेवकराम भण्डारीलाई तुलसीपुर ५ ख कि.नं.२९७० देखि उत्तर तर्फ ६ मिटर चौडाई र २० मिटर लम्बाईको घडेरी नियमानुसार पास गरिदिने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख